# झापा जिल्ला अदालतबाट जारी भएको

# सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाइरसको रोकथामको लागि जिल्ला प्रशासन कार्यालय झापाको मिति २०७८।४।३२ मा जारी निषेधाज्ञा सम्बन्धी सूचना तथा उक्त सूचना बमोजमि नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गर्दै अदालतबाट सम्पादन हुने काम कारवाही तथा सेवा प्रवाहको सम्बन्धमा मिति २०७८ भाद्र ०१ मा सम्पन्न बेन्च ,बार र सरकारी बकिलबीच भएको छलफलबाट निम्न निर्णय भएको हुँदा सरोकारवाला सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>थप सम्पादन हुने सेवाहरुः</u>**

१. मिति २०७८।०१।२० देखि मिति २०७८।४।३२ सम्मको निषेधाज्ञाको अवधिको हदम्याद, म्याद, तारेख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०२।१५ को आदेशबमोजिमको सुविधा मिति २०७८।०५।०१ देखि लागू हुने गरी उपलब्ध हुने ।

२. कोरोना संक्रमणको अवस्था अझै विद्यमान रहेकाले नयाँ मुद्दा दर्ता गर्ने प्रयोजनका लागि मिति २०७८।०५।०२ बाट लागु हुने गरी निम्न बमोजिम हुनेछ।

| सि.नं. | बार | स्थानीय तह |
|---|---|---|
| १ | आइतबार | भद्रपुर नगरपालिका, हल्दीबारी गाउँपालिका, बाह्रदशी गाउँपालिका र कचनकवल गाउँपालिका |
| २ | सोमबार | बिर्तामोड नगरपालिका र अर्जुनधार नगरपालिका |
| ३ | मंगलबार | मेचीनगर नगरपालिका र बुद्धशान्ति गाउँपालिका |
| ४ | बुधबार | दमक नगरपालिका र कमल गाउँपालिका |
| ५ | बिहिबार | शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिका |
| ६ | शुक्रबार | कन्काई नगरपालिका र झापा गाउँपालिका |

मदनप्रसाद पराजुली
स्रेस्तेदार-उपसचिब
२०७८।०५।०१